# काठमाण्डौं महानगरपालिका
# प्रशासन सेवा, अधिकृत छैटौं तह, विभिन्न पदहरुको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

## एवं परीक्षा प्रणाली (योजना)

**पाठ्यक्रमको रुपरेखा** :– यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ ।

**प्रथम चरण** :– लिखित परीक्षा पूर्णाङ्क :– ३००

**तृतीय चरण** :– सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता पूर्णाङ्क :– ६५

**१. प्रथम चरणः – – लिखित परीक्षा योजना**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सार्वजनिक प्रशासन | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| द्वितीय | सेवा, पद सम्बन्धी बिषय I | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| तृतीय | सेवा, पद सम्बन्धी बिषय II | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |
| **जम्मा** | | **३००** | | | | |

**३. द्वितीय चरणः - सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर सीप परीक्षण (Computer Skill Test) | १५ | प्रयोगात्मक (Practical) | १५मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | सामूहिक छलफल (Group Discussion) | ३०मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Interview) | ४० | मौखिक (Oral) | |
| **जम्मा** | **६५** | | |

**द्रष्टव्य** :

१. यो पाठ्यक्रम रुपरेखालाई प्रथम चरण (लिखित परीक्षा) र द्वितीय चरण (सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता) गरी दुई चरणमा विभाजन गरिएको छ ।

२. लिखित परीक्षा योजनामा दिईएको **प्रथम पत्र** माथि उल्लिखित प्रशासन सेवा अर्न्तगतका सबै पदहरुको लागि अनिवार्य तथा पत्र/विषयको विषयवस्तु एउटै (Common) हुनेछ । तर **द्वितीय पत्र र तृतीय पत्र** विभिन्न पदहरु अनुसार फरक फरक हुनेछन् तथा पत्र/विषयको विषयवस्तु पनि विभिन्न पदहरु अनुसार फरक फरक हुनेछन् ।

३. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (**Two or more parts of a single question**) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (**Short notes**) सोध्न सकिने छ ।

४. परीक्षामा सोधिने **प्रश्नसंख्या, अङ्क र अङ्कभार** यथासम्भव सम्बन्धित पत्र/विषयको पाठ्यक्रममा दिईए अनुसार हुनेछ ।

५. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाईका प्रश्नहरुको उत्तर सोही भाग/खण्ड/एकाईको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

६. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

७. लिखित परीक्षाको नतिजामा सफल उम्मेदवारहरुमात्र अन्तिम चरणको परीक्षामा समावेश हुन सक्नेछन् ।

८. सीप परीक्षण परीक्षा तोकिएको दिनमा मात्र हुनेछ र सीप परीक्षण परीक्षामा सम्मिलित नहुने उम्मेदवार अन्तरर्वार्तामा सम्मिलित हुन पाउने छैन ।

८. लिखित परीक्षार द्वितीय चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) को कुल अङ्क योगका आधारमा परीक्षाफल प्रकाशित गरिनेछ ।

९. यस भन्दा अगाडि लागू भएको माथि उल्लिखित सेवा, समूहको पाठ्यक्रम खारेज गरिएको छ ।

१०. पाठ्यक्रम लागू मिति :–

kmc

kmc